आँबुखैरेनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः ८०८२।०८२
चलानी नं.:

मितिः २०८२/११/२५

विषयः न्युनतम् रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो सम्बन्धी नियमावली, २०७५ को व्यवस्था बमोजिम साविकमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत निवेदनको ढाँचा अनुरूप बेरोजगार दर्ता तथा सूचीकरणको कार्य हुँदै आएकोमा, हाल साविकको निर्देशिका खारेज भई ***"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२"*** स्वीकृत भई कार्यान्वयनमा रहेको विदितै छ।

सोही सन्दर्भमा, माननीय मन्त्रीस्तरको मिति २०८२/११/१४ को निर्णयानुसार उक्त निर्देशिकाको दफा १५ र १७ को प्रयोजनका लागि बेरोजगार दर्ताका लागि दिने निवेदनको विस्तृत ढाँचा स्वीकृत र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ मा आँबुखैरेनी गाँउपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुनका लागि इच्छुक बेरोजगार नेपाली नागरिक (१८ वर्ष देखि ५९ वर्ष सम्म उमेर) भएको व्यक्तिले यहि मिति २०८२ चैत्र मसान्तसम्म आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा गई निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**बेरोजगार व्यक्ति सूचिकृत हुनकालागि आवश्यक मापदण्ड तथा प्राथमिकताः**

(क) न्यून आय भएको तथा स्वरोजगारमा संलग्न नभएको।
(ख) कृषि उत्पादन तथा ज्याला मजदुरीले ३ महिना भन्दा कम खान पुग्ने परिवारको सदस्य भएको।
(ग) भूमिहिन तथा सुकुम्बासी, अल्पसंख्यक समुदाय, लोपोन्मुख जनजाति, सिमान्तकृत वर्ग, एकल महिला, शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य, अपाङ्गता भएका परिवारको सदस्य, दलित परिवारको सदस्य।

**आवश्यक कागजातहरुः**

(१) निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
(२) निवेदकको कुनै सीपमूलक तालिम लिएको भए सो प्रतिलिपि १ प्रति,
(३) निवेदकको फोटो १ प्रति,
(४) परिवारमा रहेको व्यक्तिहरुको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १/१,
(५) बसाईसराई भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

**नोटः** निवेदनको ढाँचा आँबुखैरेनी गाउँपालिकाको वेबसाईट, रोजगार सेवा केन्द्र र सम्बन्धित वडा कार्यालयमा उपलब्ध छ।

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा , आँबुखैरेनी गाउँपालिका , सूचना वेबसाईटमा अपलोड गरिदिनु हुन।
श्री वडा कार्यालय सबै, आँबुखैरेनी गाउँपालिका।

निर्मला कुँवर
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन/फ्याक्स नं.: ०६५-५४००८३, ईमेल: akruralmunicipality73@gmail.com, Web.: aanbookhairenimun.gov.np

Scanned with CamScanner